# स्थानीय राजपत्र

घिरिङ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ४ संख्या २८ मितिः २०७८/०३/२९

## भाग–२

## घिरिङ गाउँपालिकाको
## अनुदान दिने सम्बन्धी कार्यविधि २०७८

# घिरिङ गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

### पोखरीछाप, तनहुँ

### गण्डकी प्रदेश, नेपाल

# घिरिङ गाउँपालिकाको अनुदान दिने सम्बन्धी कार्यविधि २०७८

स्विकृत मितिः २०७८/०३/२४

प्रमाणिकरण मितिः २०७८/०३/२५

प्रस्तावना

घिरिङ गाउँपालिकावाट वितरण हुने अनुदान रकमलाई व्यवस्थित गर्नको लागी घिरिङ गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७८ को नियम ७९ बमोजिम घिरिङ गाउँ कार्यपालिकाले यो कार्यविधि, बनाएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः १) यस कार्यविधिको नाम घिरिङ गाउँपालिकाको अनुदान दिने सम्बन्धी कार्यविधि, २०७८ रहेकोछ।

२. यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषाः

क) सभा भननाले घिरिङ गाउँपालिकाको गाउँ सभा भन्ने बुझ्नु पर्दछ।

ख) गाउँपालिका भन्नाले घिरिङ गाउँपालिका भन्ने बुझ्नु पर्दछ।

ग) कार्यालय भन्नाले घिरिङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भन्ने बुझ्नु पर्दछ।

घ) अध्यक्ष भन्नाले घिरिङ गाउँपालिकाका अध्यक्ष भन्ने बुझ्नु पर्दछ।

ङ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले घिरिङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने बुझ्नु पर्दछ।

च) अनुदान भन्नाले दफा. ५ बमोजिमलाई वितरण हुने अनुदान रकम भन्ने बुझ्नु पर्दछ।

३. क्षेत्र : यो कार्यविधि घिरिङ गाउँपालिका क्षेत्रमा लागु हनेछ।

## परिच्छेद २
## अनुदान र अनुदान दिन सकिने रकम

४. अनुदान सम्बन्धी व्यवस्था : गाउँपालिकाको बार्षिक नीति, कार्यक्रम तथा बजेट अनुसार कार्यक्रम संचालन गर्न चाहने देहायका समिति, समूह,कृषक,संघ, संस्थालाई गाउँपालिकाले अनुदान दिन सक्नेछ ।

१) खेलकुद समिति

२) वाल क्लव

३) युवा क्लव

४) आमा समूह

५) कृषि तथा कृषक समूह, कृषक

६) साँस्कृतिक समूहः मेला जात्रा, पर्व, सांस्कृतिक कार्यक्रम आदी संचालन गर्ने समूह

७) टोल विकास समिति

८) पर्यटन समिति

९) होम स्टे

१०) सरकारी, अर्द्ध सरकारी, सरकारी स्वायत्त निकाय

११) अन्य संघ संस्था समुह

५. अनुदान दिन सकिने रकम : (१) दफा ४ मा उल्लेखित संघ संस्थालाई देहाय अनुसार नगद रकम वा सो वरावर जिन्सी उपलब्ध गराउन सकिनेछ ।

| क्र.स. | विवरण | कुल लगानीमा अनुदान रकम अधिकतम प्रतिशत |
|---|---|---|
| १ | वार्षिक बजेट तथा कार्यक्रम स्विकृत हुनु पुर्वका प्रस्ताव | सम्झौता अनुसार |
| २ | वार्षिक बजेट तथा कार्यक्रम स्विकृत भएपछि प्राप्त प्रस्ताव | |
| क | सरकारी, अर्द्ध सरकारी, सरकारी स्वायत्त निकाय | आपसी सम्झौता र शर्त अनुसार |
| ख | गैर सरकारी संघ संस्था, निजी क्षेत्र | तिस प्रतिशत |
| ग | टोल विकास समिति | पचास प्रतिशत |

| | | |
|---|---|---|
| घ | बाल तथा युवा क्लब, आमा समुह | पचास प्रतिशत |
| ङ | कृषि तथा कृषक समूह, कृषक | पचास प्रतिशत |
| च | खेलकुद समिति | पचास प्रतिशत |
| छ | साास्कृतिक समूहः मेला जात्रा, पर्व, सांस्कृतिक कार्यक्रम आदी संचालन गर्ने समूह | विस प्रतिशत |
| ज | पर्यटन समिति | पचास प्रतिशत |
| झ | होम स्टे | पचास प्रतिशत |
| ञ | अन्य संघ संस्था समुह | तिस प्रतिशत |

(२) यस दफामा जुन सुकै कुरा लेखिएता पनि गाउँपालिकाबाट आयोजना गरिने कुनै कार्यक्रम दफा ४ अनुसारको संघ संस्थालाई आयोजना गर्न जिम्मा दिनु परेमा गाउँपालिकाले सय प्रतिशत नै अनुदान उपलब्ध गराउन सक्नेछ ।

६. अनुदान दिने कार्यविधिः

(१) दफा ५ अनुसार अनुदान लिन चाहने संघ संस्थाले गाउँपालिकामा अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) अनुदानको प्रकृति अनुसार वडा कार्यालयको सिफारिस समेत माग गर्न सकिनेछ ।

(३) विनियोजन ऐनमा उल्लेख भई कार्यक्रममा परेको अनुदानको हकमा कार्यक्रम अनुसार र विनियोजन ऐनमा उल्लेख भएको तर कार्यक्रममा नपरेको हकमा कार्यपालिकाको निर्णय अनुसार अनुदान दिनु पर्नेछ ।

## परिच्छेद ३
## बजेट तथा खर्च सीमा

६. प्रत्येक आर्थिक वर्षको लागी गाउँ सभाले विनियोजित गरेको बजेट रकम, सोही आर्थिक बर्षको लागी अनुदानको लागी बजेट हुनेछ ।

७. जुन आर्थिक वर्षको लागी बजेट विनियोजन भएकोहो सोही आर्थिक वर्ष भित्रमा छुट्टाएको रकम सकिएमा गाउँ सभाले थप वजेट व्यवस्था गर्न सक्नेछ । त्यसरी बजेट थप नभएमा पछि आउने निवेदन अनुसार रकम दिईने छैन ।

परिच्छेद ४

अनुदान दिने प्रक्रिया र आवश्यक कागजात

८. अनुदान लिने व्यक्ति /संघ संस्था /निकायले अनुसूची १ अनुसार वडा कार्यालयमा निवेदन दिनु पर्नेछ । निवेदनको साथमा विस्तृ प्रस्ताव समेत संलग्न गर्नु पर्नेछ ।

९. व्यक्ति /संघ संस्था /निकायले दिएको निवेदन अनुसार मनासिव देखिएमा वडा कार्यालयले अनुसुची २ बमोजिम गाउँपालिकामा सिफारिस गरि पठाउनेछ ।

११. वडा कार्यालयबाट आवश्यक कागजात सहित सिफारिस प्राप्त भएको ७ दिन भित्र कार्यक्रममा परेकोमा अध्यक्ष स्तरको निर्णयबाट र कार्यक्रममा नपरेकोमा कार्यपालिकाको निर्णय अनुसार रकम उपलब्ध गराईनेछ ।

१२. प्रस्ताव तथा निवेदन दिने र सिफारिस गर्ने प्रक्रियाः

(क) सरकारी, अर्द्ध सरकारी, सरकारी स्वायत्त निकायको हकमा वैशाख मसान्त भित्र सम्झौता भई सक्नु पर्ने ।

(ख) गैर सरकारी संघ संस्था, निजी क्षेत्रको हकमा चैत्र मसान्त भित्र सम्झौता भई सक्नु पर्ने ।

(ग) दफा ४ अनुसारका समिति, समूह, संघ संस्था, क्लव, कृषकले बैठकको निर्णयको प्रतिलिपि सहित समिति, समूह, संघ संस्था, क्लवको अध्यक्षले सही गरी वडा कार्यालयको सिफारिस आवश्यक पर्नेमा अनुसुची १ को ढाँचामा र वडा कार्यालयको सिफारिस आवश्यक नपर्नेको हकमा अनुसूची २ बमोजिम बैशाख महिनाको १५ गते भित्र निवेदन दिनु पर्नेछ ।

(घ) निवेदन प्राप्त भएपछि उपलबध श्रोतको आधारमा सम्बन्धित शाखाको लागत ईष्टिमेट, कार्यक्रम, औचित्यता सहित पेश गरेपछि प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा अध्यक्ष स्तरको निर्णयबाट स्विकृत हुनु पर्नेछ ।

(ङ) यसरी निर्णय भएपछि बैशाख महिना भित्र सम्झौता भई सक्नु पर्नेछ । बैशाख महिना भित्र सम्झौता गर्न नआएमा त्यस पछि सम्झौता हुने छैन ।

## परिच्छेद ४

## संशोधन र बचाउ

१३. आवश्यकता अनुसार कार्यपालिकको वैठकबाट संशोधन गर्न सकिनेछ ।

१४. यस अघि वितरण भएको अनुदान यसै मापदण्ड अनुसार वितरण भएको मानिनेछ ।

## अनुसुची १

दफा १२ खण्ड ग को वडा कार्यालयको सिफारिस आवश्यक पर्ने हकमा अनुदान माग गर्ने निवेदक/प्रस्तावकले पेश गर्ने निवेदन ढाँचा

१. निवेदक/प्रस्तावकको नाम :

२. योजना/ कार्यक्रमको नाम :

३. योजना/ कार्यक्रमको मुख्य उद्धेश्य :

४. अध्यक्ष वा संपर्क व्यक्तिको नाम :

५. अध्यक्ष वा संपर्क व्यक्तिको सम्पर्क नम्बर :

६. योजना/ कार्यक्रम संचालन हुने स्थानः

वडा नं :

टोल :

स्थानः

७. योजना/ कार्यक्रमको अवधि

शुरु हुने मिति :

सम्पन्न हुने मिति :

८. योजना/ कार्यक्रम संचालन हुने मुख्य मुख्य क्रियाकलाप :

९. लाभान्वित हुने मोटा मोटी कुल जनसंख्या :

महिला :

पुरुष :

१०. योजना/ कार्यक्रमको कुल लागत

क) गाउँपालिकाबाट अपेक्षा गरिएको रकम :............

ख) समिति, टोल, समूह, कृषकको लगानी हुने रकम :.......

नगदः.............

श्रम :................

जिन्सी :...................

ग) अन्य संघ संस्थाबाट लगानी हुने भए सो रकम ...........

जम्मा :...................

| समिति, समूह, संघ संस्था, क्लव, कृषकको तर्फबाट | वडा कार्यालयको तर्फबाट | |
|---|---|---|
| | पेश गर्ने (वडा सचिव) | सिफारिस गर्ने(वडा अध्यक्ष) |
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |
| नाम, थरः | नाम, थरः | नाम, थरः |
| पदः | पदः | पदः |
| मितिः | मितिः | मितिः |

## अनुसुची २

### दफा १२ खण्ड ग को वडाको सिफरिस नपर्ने हकमा अनुदान माग गर्ने निवेदक/प्रस्तावकले पेश गर्ने निवेदन ढाँचा

१. निवेदक/प्रस्तावकको नाम :

२. योजना/ कार्यक्रमको नाम :

३. योजना/ कार्यक्रमको मुख्य उद्धेश्य :

४. अध्यक्ष वा संपर्क व्यक्तिको नाम :

५. अध्यक्ष वा संपर्क व्यक्तिको सम्पर्क नम्बर :

६. योजना/ कार्यक्रम संचालन हुने स्थानः

वडा नं :

टोल :

स्थानः

७. योजना/ कार्यक्रमको अवधि

शुरु हुने मिति :

सम्पन्न हुने मिति :

८. योजना/ कार्यक्रम संचालन हुने मुख्य मुख्य क्रियाकलाप :

९. लाभान्वित हुने मोटा मोटी कुल जनसंख्या :

महिला :

पुरुष :

१०. योजना/ कार्यक्रमको कुल लागत

क) गाउँपालिकाबाट अपेक्षा गरिएको रकम :.................

ख) समिति, टोल, समूह, कृषकको लगानी हुने रकम .........

नगदः.............

श्रम :................

जिन्सी :...................

ग) अन्य संघ संस्थाबाट लगानी हुने भए सो रकमः ...........

जम्मा :........................

निवेदक/प्रस्तावक

| |
|---|
| समिति, समूह, संघ संस्था, क्लव, कृषकको तर्फबाट |
| हस्ताक्षरः |
| नाम, थरः |
| पदः |
| मितिः |

| पेश गर्ने (सम्बन्धित शाखा/ईकाई प्रमुख) | सिफारिस गर्ने(प्रमुख प्रशासकीय अधिकृत) | स्विकृत गर्ने (अध्यक्ष) |
|---|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |
| नाम, थरः | नाम, थरः | नाम, थरः |
| पदः | पदः | पदः |
| मितिः | मितिः | मितिः |

आज्ञाले
रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत